# रेसुङ्गा नगरपालिका

## स्थानीय राजपत्र

**खण्ड :२ संख्या : १ साउन ४ गते, शुक्रबार, २०७५**

**भाग-२**

# रेसुङ्गा नगरपालिकाको ट्राफिक व्यवस्थापन सम्बन्धी निर्देशिका-२०७५

कार्यपालिकाबाट स्वीकृत मिति : २०७५/०४/०२

प्रस्तावना:

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ दफा ११ को ट (४) को अधिनमा रहि यस नगर क्षेत्रको यातायात व्यवस्थित गर्ने उद्देश्यले या ेनिर्देशिका तयार गरी जारी गरिएको हो ।

**१.संक्षिप्त नाम र प्रारम्भः**

(१) यस निर्देशिकाको नाम“रेसुङ्गा नगरपालिकाको ट्राफिक व्यवस्थापन सम्बन्धी निर्देशिका, २०७५” रहेको छ ।

(२) यो निर्देशिका नगर कार्यपालिकाबाट स्वीकृत पश्चात प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** बिषयवा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा—

(क) “प्रमुख”भन्नाले नगरकार्यपालिकाको े प्रमुख सम्झनुपर्छ ।

(ख) “उपप्रमुख”भन्नाले नगर कार्यपालिकाको उपप्रमुख सम्झनुपर्छ ।

(ग) “कार्यपालिका”भन्नाले नगर कार्यपालिका सम्झनुपर्छ ।

(घ) “प्रमुख प्रशासकीय अधिकृत”भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(ङ) “सदस्य”भन्नाले नगर कार्यपालिको सदस्य सम्झनु पर्छ ।

(च) “ट्राफिक कार्यालय”भन्नाले जिल्ला ट्राफिक कार्यालय सम्झनु पर्छ ।

**(३) समिति गठनः**

क) बजार क्षेत्रको यातायात व्यवस्थित गर्न देहायको समिति गठन हुनेछ ।

| | |
|---|---|
| नगर प्रमुख | संयोजक |
| कार्यपालिकको पूर्वाधार विकास समितिका संयोजक | सदस्य |
| जिल्ला ट्राफिक कार्यालयको प्रमुख | सदस्य |
| गुल्मी उद्योग वाणिज्य संघको अध्यक्ष | सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव |

ख) समितिको काम कर्तव्य र अधिकार

(अ) बजार क्षेत्रमा मोटर साइकल, जीप, बस ट्रक जस्ता यातायातका साधनको पार्किङ्ग तथा पार्किङ्ग निशेधित क्षेत्र तोक्ने ।

(आ) पार्किङ्ग क्षेत्र सार्वजनिक तथा निजी स्थान तोक्न सक्ने ।

(इ) निजी स्थान तोक्दा घरधनीको इजाजत अनुसार निशुल्क वा सशुल्क हुुनसक्ने ।

(ई) पार्किङ्ग क्षेत्रमा लाग्ने शुल्कनिर्धारण गरी राजश्व समितिमा सिफारिस गर्ने ।

(उ) शुल्क उठाउने व्यक्तिको छनौट तथा सेवा सुविधा निर्धारण गर्ने काम प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी प्रदानगर्ने ।

(ऊ) बजार क्षेत्रको यातायातको चापलाई मध्येनजर गरी एकतर्फी यातातात (इलभ धबथ) तोक्न सक्ने ।

**४. तोकिएको क्षेत्रमा मात्र पार्किङ्ग  गर्नु पर्ने र ठेक्का लगाउन सक्ने**

(क) पार्किङ्ग क्षेत्र तोकिएको बाहेक अन्य स्थानमा पार्किङ्ग गरे नगरपालिकाले निर्धारण गरेको जरिमाना तिर्नु पर्ने छ । तर नगरपालिकाले जरिमाना नतोक्दासम्म ट्राफिक कार्यालयको नियमानुसार हुनेछ ।

(ख) पार्किङ्ग शुल्क उठाउने व्यक्तिलाई अनुसूची १ अनुसार को सम्झौता गर्नु पर्ने ।

(ग) पार्किङ्गको लागि निजी जग्गा प्रयोग गर्नु पर्ने भएमा अनुसूची २ अनुसार सम्झौता गर्नु पर्ने छ ।

(घ) नगरपालिकाले ठेक्का प्रक्रिया मार्फत पनि ट्राफिक व्यवस्थापनको कार्य गर्न सक्नेछ ।

**५.अटोरिक्शाको अनुमति दिन सक्ने**

(क) नगर क्षेत्रको यातायात व्यवस्थित गर्न नगरपालिकाको कार्यालयले अटोरेक्शाको अनुमति दिनेछ । यसरी अनुपमति दिदा, शुल्क, रुट, स्टप तोकिने छ ।

(ख) अटोरिक्शाको अनुमति तथा नवीकरण अनुसूची ३ र ४ अनुसार हुनेछ ।

(ग) अटोरिक्सा सञ्चालकले नगरपालिकाको नियमानुसार दर्ता तथा नबकिरण शुल्क तिर्नु पर्ने छ ।

(घ) दर्ता तथा नविकरण नगरी सञ्चालन भएको अटोरेक्सा नगरपालिकाले हटाउन सक्ने छ ।

**६. विविध**

(क) अनुसूची १ अनुसार सम्झौता गर्रे गरेका शुल्क उठाउने व्यक्तिले नियम विपरीत काम गरेमा दफा ३ को समितिले स्पष्टीकरण गर्ने र सो चित्तनबुझेमा करार रद्द गर्ने प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

(ख) नगरपालिकाले पार्किङ्गगर्न कुनै घरधनीको जग्गा भाडामा लिएको छ र सो जग्गा धर धनी आफैलाई आवश्यक परेमा ३ महिना अगाडि जानकारी गराउनु पर्ने ।

# अनुसूची १

लिखितम रेसुङ्गानगरपालिका (पहिलो पक्ष) र रेसुङ्गानगरपालिका वडा नं..................बस्ने दोस्रो पक्ष बीच मोटरसाइकल पार्किङ्ग सम्बन्धी देहायका शर्तहरुका आधारमा पार्किङ्ग व्यवस्थापनको कार्य गर्ने सहमति गरीयो ।

**शर्तहरुः**

१) दोस्रो पक्षले पहिलो पक्षको लागि आवश्यक सेवा उपलब्ध गराउने ।

२) दोस्रो पक्षले उपलब्ध गराएको सेवाको आधारमा पहिलो पक्षले मासिक रुपमा ............ का दरले रकम भुक्तानी दिने ।

३) दोस्रो पक्षले सेवा उपलब्ध गराउन नसक्ने नभएमा पहिलो पक्षलाई १ महिना अगाडी र दोस्रो पक्षले ३ महिना अगाडि जानकारी गराउनु पर्ने छ ।

४) दोस्रो पक्षले पाउने रकमको नियमानुसार कर तिर्नु पर्ने छ ।

५) अन्य कुरा प्रचलित ऐन कानुन बमोजिम हुनेछ ।

| | |
|---|---|
| दोस्रो पक्ष | पहिलो पक्ष |
| हस्ताक्षर | हस्ताक्षर |
| नाम : | नाम |
| | पद |
| मिति | मिति |
| | रेसुङ्गा नगरपालिका कार्यालय<br>गुल्मी । |

## अनुसूची २

लिखितम रेसुङ्गा नगरपालिका (पहिलो पक्ष) र रेसुङ्गानगरपालिका वडा नं.....बस्ने दोस्रोपक्ष बीच मोटरसाईकल पार्किङ्ग सम्बन्धी देहायका शर्तका आधारमा जग्गा लिने र दिने सहमति गरीयो ।

**शर्तहरुः**

१) दोस्रो पक्षले पहिलो पक्षको लागि मोटरसाइकल पार्किङ्ग गर्न आवश्यक पर्ने जग्गा उपलब्ध गराउने ।

२) दोस्रो पक्षले उपलब्ध गराएको ............स्थलको ..........क्षेत्रफलको जग्गाको भाडा मासिक रुपमा पहिलो पक्षले ............का दरले भुक्तानी दिने ।

३) उपयुक्त जग्गा आवश्यक नभएमा पहिलो पक्षले १ महिना अगाडी र दोस्रो पक्षले ३ महिना अगाडि जानकारी गराउनु पर्ने छ ।

४) दोस्रो पक्षले पाउने भाडाको नियमानुसार कर तिर्नु पर्ने छ ।

५) अन्य कुरा प्रचलित ऐन कानुन बमोजिम हुनेछ ।

| | |
|---|---|
| दोस्रो पक्ष | पहिलो पक्ष |
| हस्ताक्षर | हस्ताक्षर |
| नाम : | नाम |
| | पद |
| मिति | मिति |

रेसुङ्गा नगरपालिका कार्यालय
गुल्मी ।

**अनुसूची ' ३**

**रेसुङ्गानगरपालिकाको ट्राफिक व्यवस्थापन सम्बन्धी निर्देशिका, २०७५ दफा ५ सँग सम्वन्धित**

**अटोरिक्शा इजाजत पत्रका स्वीकृत लागि दिइने निवेदन**

श्री ............................

रेसुङ्गानगरपालिकाको ट्राफिक व्यवस्थापन सम्बन्धी निर्देशिका, २०७५ दफा ५ बमोजिम अटोरिक्शा सञ्चालन इजाजतपत्र पाउनको लागि देहायका विवरणहरू खुलाई यो निवेदन गरेको छु÷छौं ।

१. निवेदकको

(क) स्थायी ठेगाना —

जिल्ला :—

.............पालिका

वडा नं. :—

गाउँ । टोल :—

(ख) अस्थायी ठेगाना —

जिल्ला :—

..........................पालिका

फोन नं. :—

मो.नं. :—

फ्याक्स नं :—

नागरिकता नं र नागरिकता लिएको मिति ः :—

२. संस्था वा व्यक्तिको

(क) नाम :

(ख) आर्थिक स्थिति (स्थिर तथाचालु पूँजी)

(ग) अनुभव :—

३. सवारी साधनको संख्या :—

माथि लेखिएको व्यहोरा ठीक साँचो छ, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

निवेदकको :—

सही :—

नाम :—

मिति :—

## अनुसूची ' ४

**रेसुङ्गानगरपालिकाको ट्राफिक व्यवस्थापन सम्बन्धी निर्देशिका, २०७५ को दफा ५ सँग सम्वन्धित**

**स्थानीय तहमा अटोरिक्शा सञ्चालन गर्न दिइने इजाजतपत्र**

इजाजतपत्र नं. :—

१. इजाजत पत्र पाउने व्यक्तिवा संस्थाको नाम :—

२. ठेगाना :—

(क) स्थायी ठेगाना जिल्ला :— नगरपालिका-गाउँपालिका वडा नं. :—

गाउँ / टोल :— फोन नं. :— मोवाइल नं. :—

३. सवारी साधनको संख्या :—

४. रुट :—

५. स्टप

६. यो इजाजतपत्र १ वर्षको लागि मात्र हुने आर्थिक वर्ष प्रारम्भ भएको १ महिनाभित्र पुनः इजाजत पत्रलिन (नवीकरण गर्न) अनुसूची १ बमोजिम निवेदन दिनु पर्ने छ ।

इजाजतपत्र दिनेको

सही :

नामः

पदः

मितिः

आज्ञाले,

भक्तिराम मरासिनी

प्रमुख प्रशासकीय अधिकृत